देशको शासकीय व्यवस्थामा अनियमितता, खराब प्रवृतिसँग जुध्न सक्ने क्षमता वृद्धि हुने लगायतका लक्ष्य लिइएको छ।



# नेपाल

## ईपीजीको नवौं बैठक शुरू

काठमाडौं, (नेस)

नेपाल र भारतबीचका सन्धिसम्झौताको समग्रतामा अध्ययन गरी सुझाव पेस गर्न गठित प्रबुद्ध व्यक्ति समूह (ईपीजी) को नवौं बैठक शुक्रबारदेखि काठमाडौंमा शुरू भएको छ।

प्रधानमन्त्री केपी शर्मा ओलीको भारत भ्रमणलगत्तै दिल्लीमा ईपीजीको आठौं बैठक बसेको थियो। २ दिनसम्म चल्ने बैठकले हालसम्म भएका बैठकको प्रगतिलाई प्रतिवेदनको रूप दिई सरकारलाई बुझाउने निर्णय गर्ने बताइएको छ।

हालसम्मका बैठकमा मुख्य गरी सन् १९५० को शान्ति तथा मैत्री सन्धि, सीमा व्यवस्थापन र सुरक्षा, जलस्रोत, दुवै मुलुकका राष्ट्रिय हितलगायतका विषयमा छलफल भएको थियो।

बैठकमा नेपाली समूहका संयोजक डा भेषबहादुर थापा, डा राजन भट्टराई, पूर्वमन्त्री नीलाम्बर आचार्य र पूर्वसचिव सूर्यनाथ उपाध्याय हुनुहुन्छ। त्यस्तै, भारतीय समूहका संयोजक एवं भारतीय जनता पार्टीका नेता भगतसिंह कोसियारी, पूर्वराजदूत जयन्त प्रसाद, प्राध्यापकद्वय महेन्द्र पी लामा र भुवनचन्द्र उप्रेती सहभागी हुनुहुन्छ।

# मध्यपहाडी लोकमार्गको पर्वत खण्ड दैनिक सात घन्टा बन्द

दुर्गाप्रसाद शर्मा, पर्वत

मध्यपहाडी लोकमार्गको पर्वत खण्ड शुक्रबारदेखि दैनिक ७ घन्टा बन्द भएको छ। पर्वतको कुस्मा नगरपालिकामा पर्ने चुवाको भीर र मोदी गाउँपालिकामा पर्ने डिमुवा माहुरीभीरमा सडक फराकिलो बनाउने क्रममा सडक बन्द गरिएको हो।

कुस्मा नगरपालिकाको खरेहा खोलादेखि मोदी गाउँपालिकाको अधेरीखोलासम्म बिहान १० बजेदेखि दिउँसो १२ बजेसम्म सडक बन्द भइरहेको छ भने दिउँसो १ बजेदेखि ४ बजेसम्म पनि सडक बन्द गरिएको छ। साँझ ६ बजेदेखि राति ८ बजेसम्म पनि सडक बन्द गरेर सडक निर्माणको कामलाई निरन्तरता दिएको छ।

निर्माण कम्पनी लामा कन्सट्रक्सन कम्पनीका प्रोजेक्ट म्यानेजर गोविन्द भुसालका अनुसार माहुरीभरमा २ स्थानबाट सडक फराकिलो बनाउने काम भइरहेको छ भने चुवा भीरमा एक ठाउँबाट काम थालिएको छ। अझै थप स्काभेटर परिचालन गरी दुवै ठाउँमा ३/३ ठाउँबाट सडक फराकिलो बनाउन काम तीव्र बनाउने योजना रहेको भुसालले बताए। 'वर्षा याममा यात्रुको चाप पनि कम हुने र सवारीसाधन पातलो चल्ने कारणले ७ घन्टा सडक बन्द गरेर काम गर्ने निर्णय हो ' प्रोजेक्ट म्यानेजर भुसालले भने- 'दुवै कठिन भीरमा २ महिनाभित्रमा काम सक्ने लक्ष्य राखेर काम गर्दैछौं। '

आयोजनाको पर्वतको प्रवेशद्वारदेखि मालढुंगासम्मको २३ दशमलव ७६९ किलोमिटर स्तरउन्नतिको काम लामा कन्ट्क्सन प्रालिले जिम्मा लिएको छ। कम्पनीले ८३ करोड ९८ लाख रुपियाँमा पर्वत खण्ड स्तरउन्नतिको कामको ठेक्का लिएको छ। अहिलेसम्म १२ प्रतिशत काम सकिएको कम्पनीले जनाएको छ। यात्रुलाई पनि लगातार बन्द गर्दा समस्या पर्ने भएकाले सडक पनि निर्माण हुने र यात्रुलाई समस्या नहुने गरी बन्द गर्ने निर्णय भएको प्रमुख जिल्ला गुरुदत्त ढकालले बताए। चुवा र माहुरी भीरमा पनि सकेसम्म वैकल्पिक सडक बनाएर आवगमन सहज बनाउने प्रयास भइरहेको पनि उनले जानकारी दिए।

**पर्वत खण्डमा बन्द हुँदा कास्कीमा समस्या**

मध्यपहाडी लोकमार्गमा पर्ने पर्वत खण्डमा सडक बन्द हुँदा कास्की जिल्लाको अन्नपूर्ण गाउँपालिकाको गिरीचोक नजिक सडक बन्द गर्न भने समस्या भएको छ।

पर्वत खण्डमा बन्द खुलेर पुग्ने सवारीसाधनका कारण उही समय तालिकामा सडक बन्द गर्न समस्या भएको निर्माण कम्पनी एपेक्स कन्ट्रक्सन कम्पनीका प्रोजेक्ट म्यानेजर काशीराज बोहराले जानकारी दिए। समय तालिका नमिल्दा शुक्रबार सडक बन्द नगरेको र काम रोकिएको उनले बताए।

उक्त कम्पनीले २ महिनादेखि सडक बन्द गरेर उक्त खण्डमा सडक फराकिलो बनाउने काम गर्दै आएको थियो। बिहान ७ बजेदेखि ८:३० सम्म, ९:३० देखि १०:३० सम्म, दिउँसो १२:३० देखि २ बजेसम्म र दिउँसो ३ बजेदेखि ५ बजेसम्म सडक बन्द गर्दै आएको थियो। उक्त सडक फराकिलो बनाउन गिरीचोक नजिकको पहरोमा अब १ हप्तामा काम सकिने बोहराले बताए। उनले लामा कन्ट्क्सनसँग समन्वय गरेर काम गर्ने बताए।

## महालेखा परीक्षकको ६०औं वार्षिकोत्सव

काठमाडौं, (नेस)

महालेखा परीक्षक कार्यालयको प्रतिवेदनअनुसार झन्डै १९ अर्ब रुपियाँ बेरुजु असुल्न बाँकी रहेको देखिएको छ। महालेखा परीक्षकको कार्यालयको प्रतिवेदनअनुसार १८ अर्ब ७१ करोड रुपियाँ असुल गर्नुपर्ने देखिएको हो।

आर्थिक वर्ष २०७३/०७४ को बेरुजु १ खर्ब २० अर्ब ९१ करोड रुपियाँ देखिएको छ। जसअन्तर्गत असुल गर्नुपर्ने १८ अर्ब ७१ करोड रुपियाँ, नियमित ४८ अर्ब ७२ करोड र पेस्की बाँकी ५३ अर्ब ४८ करोड रुपियाँ रहेको महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख छ।

लेखा परीक्षण समयमा नहुँदा र वित्तीय अनुशासन कायम हुन नसक्दा बेरुजुको दर बढेको देखिएको छ। महालेखा परीक्षकको कार्यालयले १० हजार ११ वटा संस्थाको ४६ खर्ब ८७ अर्ब ९१ करोड रुपियाँको लेखा परीक्षण गरेको जनाएको छ। महालेखा परीक्षकको कार्यालयले ६ वर्षे कार्ययोजना समेत अघि सारेको छ।

२०७४ देखि २०८० भित्र लागू हुने गरी ल्याइएको कार्ययोजनाले सार्वजनिक सेवा पवाहको गुणस्तरीयतामा अभिवृद्धि हुने अपेक्षा गरिएको छ। यस्तै पारदर्शी प्रबर्द्धन हुने, सरकारी कोषको अधिकतम सदुपयोग हुन गई मुद्राको सार्थकता सुनिश्चित हुने र देशको शासकीय व्यवस्थामा अनियमितता, खराब प्रवृतिसँग जुध्न सक्ने क्षमता वृद्धि हुनेलगायतका लक्ष्य लिइएको छ।

## 'सूक्ष्म अनुसन्धान र अभियोजन सधैं प्रभावकारी'

बाँके, (नेस)

प्रहरी महानिरीक्षक (आईजीपी) सर्वेन्द्र खनालले कानुन बुझेर गर्ने सूक्ष्म अनुसन्धान र अभियोजन सधैं प्रभावकारी हुने बताउनुभएको छ।

प्रहरी प्रधान कार्यालयले ६ र ७ नम्बर प्रदेश तथा बाँके र बर्दियाका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकिलहरूको प्रथम सम्मेलनको शुक्रबार बाँकेको कोहलपुरमा उद्घाटन गर्दै प्रहरी, सरकारी वकिल र न्यायालयको काम फरक-फरक भए पनि सबैको साझा सवाल भनेको कानुनको सफल कार्यान्वयन र अपराधीलाई दण्ड सजाय दिलाउनु नै रहेको बताउनुभयो।

आईजीपी खनालले जनताप्रति उत्तरदायी भएर इमानदारी र निष्ठापूर्वक कार्य गर्नुको विकल्प नरहेको बताउनुभयो। उहाँले अनुसन्धानकर्ताको गलत बुझाइले कुनै व्यक्ति समाजबाट तिरस्कृत हुन सक्नेतर्फ सचेत गराउनुभयो।

उच्च अदालतका न्यायाधीश टेकप्रसाद ढुंगानाले बदलिँदो परिस्थितिअनुसार प्रहरीले गर्ने अनुसन्धानको स्वरूप परिवर्तन गर्नुपर्ने सुझाव दिनुभयो।

अपराध अनुसन्धान विभागका प्रमुख डीआईजी धिरु बस्न्यातले दण्डहीनताको अन्त्य गर्न सूक्ष्म अनुसन्धान आवश्यक रहेको बताउनुभयो।

आगामी भदौ १ गतेदेखि लागू हुने मुलुकी अपराध (संहिता) ऐनलगायत नयाँ फौजदारी कानुन कार्यान्वयन गर्ने सम्बन्धमा सम्मेलनमा राखिएको थियो। कार्यक्रममा ३ वटा कार्यपत्र प्रस्तुत हुने र छलफलमा उठेका विषय समावेश गरी साझा धारणासहित प्रस्ताव पारित गरिने डीआईजी बस्न्यातले जानकारी दिनुभयो।

उद्घाटनमा सहमहान्यायाधिवक्ता विश्वराज कोइराला, कर्णाली प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव केशवराज आचार्यले पनि मन्तव्य राखेका थिए।

## प्रहरीको गोली प्रहारबाट एकको मृत्यु

रौतहट, (नेस)

रौतहटमा बिहीबार राति प्रहरीको गोली प्रहारबाट १ जनाको मृत्यु भएको छ। जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार अवैध हतियारसहितका समूह आएको जानकारी पाएपछि पुगेको प्रहरी टोलीमाथि आक्रमण भएपछि जवाफी कारबाहीमा परिचय खुल्न नसकेका १ व्यक्तिको मृत्यु भएको हो।

रौतहटको चन्द्रनिगाहपुरबाट ४५ किलोमिटर टाढा रहेको राजदेवी नगरपालिकास्थित मुडबला गाउँको उत्तरतर्फको बागमती नदीको तटबन्धमा भएको घटनामा इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रहरी नायव उपरीक्षक शान्तिराज कोइरालाको नेतृत्वको टोली, यस्तै प्रहरीको विशेष व्युरोको टोली र जिल्ला प्रहरी कार्यालय गौरको प्रहरी निरीक्षक मनोज यादवको टोलीसमेत रहेकाले घटना रहस्यमय रहेको स्थानीयले बताएका छन्।

## सुनसहित एक पक्राउ

वीरगन्ज, (नेस)

प्रहरीले वीरगन्जबाट १ किलो सुनसहित १ जनालाई पक्राउ गरेको छ। सर्लाही हरिपुर नगरपालिका-९ बस्ने सन्तोषकुमार साहलाई प्रहरीले पक्राउ गरेको हो।

१ किलो अवैध सुन बोकेर भारततर्फ जाँदै गरेको अवस्थामा वीरगन्ज महानगरपालिका शंकाराचार्य गेटअगाडिबाट साहलाई पक्राउ गरिएको प्रहरी उपरीक्षक रेवती ढकालले पत्रकार सम्मेलन गरी जानकारी दिए। '१ किलो अवैध सुनसहित १ जनालाई पक्राउ गरेका छौं', उनले भने- 'उनीबारे थप अनुसन्धान भइरहेको छ। ' पूर्वसूचनाका आधारमा इनर्वा प्रहरी चौकीका इन्चार्ज त्रिभुवन साह नेतृत्वको टोलीले सुन बरामद गरेको प्रहरीले जनाएको छ।

खान तलासी गर्दा साह चढेको ना४८प ३७७४ नम्बरको मोटरसाइकलको सिटमुनी रहेको एयर फिल्टरमा लुकाइएको अवस्थामा सुन फेला परेको थियो। ६ टुक्रा सुनलाई कालो टेपले बेरेर त्यसपछि कागजमा राखेर फेरि सेतो टेपले बेरेर राखिएको अवस्थामा फेला परेको थियो।

## गुम्बाका महिला प्रसूति सेवाबाट वञ्चित

बाजुरा, (नेस)

बाजुराको हिमाली गाउँपालिका वडा नं ३ गुम्बा गाउँका महिला स्वास्थ्य संस्थामा गएर प्रसूति हुनुपर्छ भन्ने थाहा भए पनि घरमै बच्चा जन्माउनुपर्ने बाध्यतामा छन्। गुम्बा गाउँबाट बिच्छ्या स्वास्थ्य चौकी पुग्न २ दिन लाग्ने भएकै कारण उनीहरू स्वास्थ्य चौकीसम्म आउँदैनन् र प्रसूतिसम्बन्धी कुनै पनि सेवा लिइएको देखिँदैन।

राज्यले भौगोलिक विकटा देखाएर आफूहरूको स्वास्थ्य अधिकार हनन् गरिरहेको आरोप त्यहाँका स्थानीयको छ। हिमाली गाउँपालिकको हुम्लासँग जोडिएको गुम्बा गाउँमा बसोवास गरिरहेका जनजाति परिवारले गर्भावस्थामा ४ पटक गर्भजाँच, आइरन चक्की, टीटी खोपलगायत कुनै सेवा नपाएको गुनासो गुम्बाकी लक्ष्मी गुरुङको छ।

गुम्बा गाउँका गर्भवती महिलाले अहिले पनि सुडेनीको भरमा बच्चा जन्माउनुपरेको र आइरन चक्कीसमेत खान नपाएको स्थानीय कृष्ण लामाले गुनासो गर्नुभयो। 'गर्भवती अवस्थाका महिला बिरामी हुँदा भगवान्को भरमा पर्नुको कुनै विकल्प छैन' -स्थानीय तिलकसिंह थापाले बताउनुभयो।

२७ परिवारका २ सय बढी बसोवास गरिरहेका भए पनि भौगोलिकरूपमा टाढा भएकै कारण कुनै पनि सेवा सुविधा आफूहरूले नपाएको गुनासो स्थानीयको छ। भौगोलिकरूपमा बाजुराको ठूलो क्षेत्रफलमा रहेको हिमाली गाउँपालिकाका बस्ती टाढा भएका कारणले पनि अधिकांश ठाउँका नागरिकका लागि सरकारी सेवा सहजरूपमा नपाएको उनीहरूले बताउने गरेका छन्।

## विशाक्त खानेकुराबाट २५ जना बिरामी

भद्रपुर, (नेस)

बिषाक्त खानेकुरा खाएका कारण दक्षिणी झापाको कचनकवल गाउँपालिकामा २ बालबालिकासहित २० जना र जङ्गली च्याउ खाएर ५ गरी २५ जना बिरामी परेका छन्। बिरामी पर्नेहरूमा कचनकवल-७ स्थित बालुवाडीकी शर्मिला तामाङ, सोही ठाउँका मञ्जु राई, राधा तामाङ, अञ्जना राई, सीता तामाङ, दिलु लिम्बु रहेका छन्।

त्यस्तै सोही गाउँपालिकाका अनुसा लिम्बू, मनज्याति तामाङ, पासाङ तामाङ, मञ्जु तामाङ, सन्तवीर तामाङ, सुजित राई, टङ्कमान लिम्बू, कविता लिम्बू रहेका छन्।

त्यस्तै रीता लिम्बू, अजिता लिम्बू, सागर सतार, सजना लिम्बू, प्रशान्त तामाङ र एभेन लिम्बूलाइ फुड पोइजन भएको मेची अञ्चल अस्पताल भद्रपुरले जनाएको छ। उनीहरूले बिहीबार दिउँसो सन्तवीर र मञ्जु तामाडको खेतमा काम गर्दा आलु, सोयाविनको तर कारी र मटरको अचारसँग खाना खाएका थिए।

हाल उनीहरूको मेची अञ्चल अस्पताल भद्रपुरमा उपचार भइरहेको प्रहरीले जनाएको छ। खानेकुरा खाएपछि फुड पोइजन भएको आशंकामा सिकिस्त बिरामी परेका उनीहरू उपचारका लागि मेची अञ्चल अस्पताल भद्रपुरमा आएको वडा प्रहरी कार्यालय भद्रपुरका इन्सपेक्टर प्रकाश जवेगूले जानकारी दिए।

स्थानीय पदमबहादुर तामाङले घरका परिवारका सदस्यसहित खेताला बिरामी परेको बताए।

### 'कू' को...

रामहरि जोशी मञ्चको तदर्थ समितिको अध्यक्ष रहनुभएको थियो भने त्यसपछि तारानाथ रानाभाट र अहिले ओमकारप्रसाद श्रेष्ठ अध्यक्ष हुनुहुन्छ। मञ्चले आफ्ना सदस्यलाई 'पूर्वसांसद' लोगोसमेत वितरण गरेको छ। संसद् सचिवालयले पनि २०६४ र २०७० का पूर्वसांसदलाई लोगो प्रदान गरेको छ।

२०७० सालको संविधानसभाका सदस्यले ३५ सदस्य समितिमा रहने गरी 'संविधानसभा परिषद् नेपाल' गठन गरेका छन्। तत्कालीन नेकपा एमालेका तर्फबाट मकवानपुर-३ बाट निर्वाचित सांसद अनन्तप्रसाद पौडेल अध्यक्ष रहेको तदर्थ समिति निर्माण गरिएको छ। 'संसद् दिवस पनि हाम्रै कार्यक्रम हो तर हामीचाहिँ संविधानसभा दिवस मनाउँछौं', पौडेलले भन्नुभयो- 'सांसदको हकहितको आवाज उठाउँछौं र संसद्लाई समन्वय गर्छौं। '

मञ्चले आज शनिबार संसद् भवन नयाँ बानेश्वरमा एक कार्यक्रमको आयोजना गरी संसद् दिवस मनाउँदै छ। प्रतिनिधिसभाका सभामुख कृष्णबहादुर महराको प्रमुख आतिथ्यतामा दिउँसो ११ बजे कार्यक्रम हुँदै छ। २०१५ सालपछि २०४८, २०५१ र २०५६ सालमा संसदीय निर्वाचन भएको थियो। २०६४ र २०७० सालमा संविधानसभाको निर्वाचन भयो। पहिलो संविधानसभाले संविधान बनाउन नसकेर २०६९ जेठ १४ गते मध्यराति संविधानसभा भंग भएको थियो। २०१५ सालमा नेपाल कम्युनिस्ट पार्टीले ४ सिट मात्र ल्याएको थियो। २०४८ सालमा धेरै जनमत पाएको नेपाली कांग्रेसले २०५१ सालमा मध्यावधि निर्वाचन गऱ्यो। एमालेले २०५१ सालमा चलाएको ९ महिने सरकारलाई अझै पनि कम्युनिस्टले उदाहरण दिँदै आएका छन्। २०५६ सालमा भएको संसदीय निर्वाचनको कार्यकाल २०६१ सालमा सकियो, त्यसअघि नै तत्कालीन राजा ज्ञानेन्द्रले शासनसत्ता लिएपछि अलमलमा परेको संसद् दोस्रो जनआन्दोलनपछि २०६३ सालमा ब्युँझाइयो।

द्वन्द्वरत माओवादीलाई पनि संसद्मा ८३ सिट दिएर प्रतिनिधिसभा राजाले ब्युँत्याएपछि एकातिर दलहरूको एकताले उनीहरू बलियो बन्दै गए भने राजसंस्था क्रमशः कमजोर बन्दै गयो। नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको विशेष पहलमा नै माओवादी शान्तिवार्तामा आएर खुला राजनीतिमा उदायो।

२०४८ को निर्वाचनमा दमननाथ ढुंगाना सभामुख हुनुभयो, २०५१ सालमा रामचन्द्र पौडेल र २०५६ मा तारानाथ रानाभाट। २०६३ मा पुनःस्थापित संसद्को सभामुखमा सुवासचन्द्र नेम्वाङ, २०६४ र २०७० पनि नेम्वाङ नै सभामुख बन्नुभयो। संविधानसभाबाट संविधान बनेपछि ओनसरी घर्ती मगर सभामुख हुनुभयो, उहाँ त्यति बेला उपसभामुख हुनुहुन्थ्यो। अहिले कृष्णबहादुर महरा सभामुख बन्नुभएको छ। नेपालमा रहेका ५ वटा सम्माननीय पदमध्ये सभामुख पद पनि सम्माननीय नै रहेको छ। संसदीय प्रक्रियामा सभामुखको भूमिका पनि महत्त्वपूर्ण रहेको छ।

२०६४ सालमा भएको संविधानसभाको निर्वाचनपछि बसेको पहिलो बैठकले २०६५ जेठ १५ गते गणतन्त्र घोषणा गऱ्यो। माओवादीलाई शान्तिवार्तामा ल्याउँदा राजसंस्थाको उन्मुलन गर्ने सहमति नभएको भन्दै राजसंस्थाको पक्षमा अभियान चलाएकाहरूले तत्कालीन राजा ज्ञानेन्द्रले संसद् पुनःस्थापना गरेर ठूलो गल्ती गरेको बताउँदै आएका छन्। राष्ट्रिय एकता पार्टीका अध्यक्ष शरदचन्द्र दाहालले प्रमुख राजनीतिक दलहरूले राजतन्त्रमाथि प्रहार गरेको बताउनुभयो।

'नेपाली जनताको चाहनामा राजतन्त्र मासिएको होइन, अरू कसैको डिजाइन हो यो, यसलाई मान्न सकिएको छैन', दाहालले भन्नुभयो- 'हामी अब नयाँ ढंगको संघर्ष गर्दै छौं, दलहरूले गरेका गतिविधिबाट जनता दिक्क भइसकेका छन्, राजसंस्थाको विकल्प छैन। ' दाहालले सम्मानित राजा भएर बस्नुपर्ने र जनताको दैनिक जीवनलाई सम्बोधन गर्न सक्ने व्यक्ति जो राजा भए पनि फरक नपर्ने बताउनुभएको छ।

पहिलो संविधानसभा भंगपछि सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा बनेको ११ सदस्यीय सरकारले २०७० साल मंसिर ४ गते संविधानसभाको अर्को निर्वाचन गरेको थियो। यही संविधानसभाले २०७२ असोज ३ गते संविधान घोषणा गरेको थियो।

नेपालको सातौं निर्वाचनका रूपमा २०७४ साल मंसिर १० र मंसिर २१ गते प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन भएको थियो। पहिलो चरणमा प्रतिनिधिसभामा ३४ र अर्को चरणमा बाँकी क्षेत्रमा निर्वाचन भएको थियो। प्रतिनिधिसभाको दोब्बर संख्यामा त्यति बेला नै प्रदेश सभाको निर्वाचन भएको थियो। राष्ट्रियसभाको निर्वाचन माघ २४ गते भएको थियो।

अहिले प्रतिनिधिसभा र राष्ट्रियसभा गरी संघमा २ वटा सदन छन्, यसलाई संघीय संसद् भनिन्छ। प्रतिनिधिसभा, प्रदेशसभा र राष्ट्रियसभामा गरी जम्मा ८ सय ८४ सांसद रहेका छन्।

### दुवै...

नेकपाले तीन महिनाभित्र पार्टीअन्तर्गत रहने संगठन र भ्रातृ संगठनको एकता प्रक्रिया टुंगो लगाउने बताएको छ।

त्यसैगरी पार्टीले जिल्ला कमिटी निर्वाचन क्षेत्रअनुसार ७५ सदस्यीय प्रस्ताव गरे पनि १ सय १५ सदस्यीयसम्मको बनाउने विषयमा गृहकार्य भइरहेको बताइएको छ। जिल्ला कमिटीमा धेरै नेताको व्यवस्थापन गर्नको लागि सानो कमिटी बनाउँदा समस्या हुने भएकाले केही संख्या बढाएर व्यवस्थापन गर्न नेतृत्वलाई जिल्ला तहका नेताहरूले दबाब दिएका छन्।

नियमावली मस्यौदामा अन्तिम रूप दिनको लागि गृहकार्य भइरहेको नेकपाका केन्द्रीय सदस्य कृष्णगोपाल श्रेष्ठले बताउनुभयो। उहाँले भन्नुभयो- 'नियमावली मस्यौदामाथि आएको सुझावको आधारमा सच्याउने काम अन्तिम चरणमा पुग्न लागेको छ, अध्यक्ष प्रचण्ड स्वदेश फर्किएपछि स्थायी कमिटीको बैठक बसेर टुंगो लाग्छ। ' पार्टीका अध्यक्ष प्रचण्ड नहुँदा स्थायी कमिटीको बैठक बस्न सकेको छैन। पार्टी एकता प्रक्रियालाई अगाडि बढाउनका लागि पार्टीको संगठन, भ्रातृ संगठनको संयुक्त बैठक बस्ने र कार्यदल गठन गरेर काम भइरहेको छ। तर नियमावली मस्यौदाले पूर्णता नपाउँदा कति सदस्यीय बनाउने भन्ने विषयमा अन्योलता देखिएको छ।

### मनाडे...

यसअघि उच्च अदालतले गरेको फैसला र सर्वोच्चले सदर गरेको फैसला सर्वोच्चले मगाएको हो। मनाडबाट प्रदेशसभामा प्रत्यक्ष विजयी भएका मनाडेले अहिलेसम्म सपथ लिएका छैनन्। कर्तव्य ज्यान मुद्दामा हाल डिल्लीबजार थुनामा रहेका मनाडलाई सर्वोच्चले अर्को सुनुवाइमा धरौटीमा छोड्ने वा नछोड्ने विषयमा निर्णय सुनाउनेछ।

ज्यान मार्ने उद्योग गरेको अभियोगमा तत्कालीन पुनरावेदन अदालत पाटनको फैसलाअनुरूप मनाडे जेलमा छन्। सर्वोच्चले मनाडेसहित दोषी ठहरिएका गणेश लामालगायतलाई सफाइ दिएको थियो। आफूसँगै प्रतिवादी बनाइएका अन्य अभियुक्तकले सफाइ पाएकाले उक्त अभियोगमा आफूमात्र दोषी नहुने मनाडेको दाबी छ। मनाडेबाहेकका प्रतिवादीको हकमा सरकारले सर्वोच्चमा पुनरावेदन गरेको हो। फरार रहेकै समयमा वैशाख ६ गते मनाडेलाई प्रहरीले पक्राउ गरेको हो।

## छाउपडीको चपेटामा बाजुरा

बाजुरा, (नेस)

प्रदेश नं ७ को बाजुरालगायतका जिल्लामा लामो समयदेखि जरो गाडेको छाउपडी कुप्रथा हिमाली गाउँपालिकामा समेत हट्न सकेको छैन। बाजुराका अधिकांश महिला छाउ हुँदा ५ दिनसम्म घरबाहिरको गोठ, कटेरा र ओडारमा बस्नुपर्ने बाध्यता कायमै रहेको छ।

छाउ भएको बेला घरमा बस्दा र गाई भैंसीलाई छुँदा देवीदेवताले अनिष्ट गर्छन् भन्ने पुरानै रूढिवादी परम्पराले यहाँका महिला छाउ गोठमा अलग बस्नुपर्ने बाध्यतामा रहेको स्थानीय हिरूकला बुढाको गुनासो छ। यहाँका महिला छाउ भएको बेला सुरक्षित ठाउँमा बस्नुको त कुरै छोडौं छाउगोठमा ओड्ने ओछ्याउने कपडा समेत नपाएर चिसोमा कठ्याग्रिएर बस्नुपर्ने बाध्यतामा रहेका छन्।

छाउ भएको बेला गाई भैंसीको दूध, दही, मही, घ्यू छाउपडीलाई खान दियो भने गाई भैंसी मर्छन् भन्ने रूढिवादी सोचले नुन मच्चासँग रोटी खानुपर्ने र ५ दिनपछि मात्र दही दूध खान पाउने गरेको गुनासो बुढाले गर्नुभयो। हिमाली गाउँपालिकाको बिच्छ्याँमा छाउपडीलाई बस्ने गोठ बनाइएको र गाउँका सबै महिला तिनै छाउ गोठमा बस्ने, छाउ गोठ नभएका महिला ओडार र डोकोमा सुत्ने गरेको सोही गाँउकी विनकाला रोकायाले दुःखेसो गर्नुभयो।

## 'सूचनाको हक मरे लोकतन्त्र मर्छ'

इलाम, (नेस)

सूचनाको हक लोकतन्त्रको प्राणवायु भएको राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटाले बताए। 'सूचनाको हक मरे लोकतन्त्र मर्छ', आयुक्त बाँस्कोटाले भने- 'सूचनाको हक बढे लोकतन्त्र झन् समृद्ध भएर जान्छ। '

जिल्ला प्रशासन कार्यालय र नेपाल पत्रकार महासंघ इलामले सदरमुकाममा शुक्रबार आयोजना गरेको सूचनाको हक संरक्षण, सम्बर्द्धन र प्रचलन विषयक अन्तरक्रियामा आयुक्त बाँस्कोटाले सूचना लिन आम नागरिक जागरुक हुनुपर्नेमा जोड दिए। बाँस्कोटाले प्रशासक र पदको आवरणमा सूचना लुकाएर लोकतन्त्रको उपहास गर्न नहुने धारणा राखे। उनले लोकतान्त्रिक पद्धतिमा पनि सूचना लुकाउने जो-कोहीलाई कानुनी दायरामा ल्याउनुपर्ने धारणा राखे।